योगवाणी

लेखक तथा प्रकाशक

– श्री ऋङ्कप्रसाद उपाध्याय (गोपालप्रसाद)

उपहार स्वरूप

योगवाणी

ॐ श्री शक्ति सत्ये शरण शरण लेऊन्, गणेश, ब्रह्मा, बिष्णु महेश खुसी रहुँन् ।
आकाश, वायु, पृथ्वी अनि जल, सूर्य सबै देव र पितृको वल ।
वेद ग्रन्थ व्याकरण र छन्द महा, सुन्ने जति तीर्थ र वर्व याहाँ ।
ऋषि मुनि सकल ध्यानी र ज्ञानी, माहा ।
जो छौ जति सकल मान्नेता यो जगतमा ।
जो छौ जति सकल खुसी रहीदिनुहोस्, हुँन्यी अनाथ भनी दृष्टि खोली दिनुहोस् ।
तप्का वलैले कन जो जगत माहा, चलेन वहुत शब्द मुहार माहा ।
शरीरको धर्म कन बोल्नु पर्ने, हुने कुरा जो छ कसै नटर्ने ।
चौधै वर्ष वितिसक्यो त थिएन इच्छा, दिनु भयो अहिले जाहेर गर्न शिक्षा ।
नाउँ ठाउँ गाउँको पनि लेख्छु केही, दया राखुन्नाध परिपूर्ण यही ।
उत्तर हो खन्ड कन जम्बुदिप्को, भरत भूमि मुख्य पवित्र नै हो ।
नदी महा मुख्य भनेर भन्छन्, हिमालय देखि नदी बहन्छन् ।

नाउँ अरुण हो सँगमा वरुण छन्, इन्द्रावति फेरि त्यही मिसिन्छन् ।
त्रिवेणी घाटको पनि शक्ति नाउँ छन्, शिव पो खरि लिङ्ग समेत खडा छन् ।
त्यहाँ वहुत पत्थर छन् रहेका, गुफा मनोहर अति वेस वनेका ।
जङ्गल सुसोभित कन वारिपारी, पर्वत खडा छन् अति भारीभारी ।
वस्यान्नगीच्मा पनि छैन वाहाँ, तप गर्नलाई अति वेस भनी सक्छु कहाँ ।
ब्रह्मा यी घाट् र गवेणी भए यो क्षेत्र, शक्तिर मुक्ति अनि फेरि पवित्र ।
दुर्गा पुरी भए यी सात, स्नान गर्दा नाश हुन्छ ताप पाप ।
सूर्य अवस्थान र चन्द्र प्रस्थान, मन मोह आनन्द यी चार जान ।
वैराग्य मनमा हाँलिएर वस्न, ईश्वर महाँ भारी सुरथ कस्न ।
प्रस्तो भूमि फेरि हुँदैन कहीं, विश्वासले गर्दामा वहुत यहीं ।
पंक्षीहरूले अति गान गर्ने, सुन्दै महाँ चित्त वहुत हर्ने ।
खाँखाँ गरी फेरि नदी सुसाउने, सुन्दै महा चित्त वहुत खुसाउने ।
प्रस्ता शुसोभितमा हाँयी वसेर भक्ति,ॐ सत्य शर्णागत लेउ शक्ति।
वैराग्य मनमा वहुतै उदाई पागल सरि पारि वनमा कुदाई, दुःखै जति सम्झी वहुत रूवाई, तप गर्न इच्छा मनमा उदाई ।
एकता जन्मकी पनि अस्वी नारी, कुलमा पनि हुन्छु वहुत भारी।
यसमा पनि फेर वय आज गै गो ।
सम्झन्छु सन्ताप जति छिर्ण भै गो, कस्ता तपले अव काम गर्नु ।
अनाथ हुन् नाथ कसरी तर्नु । अघि पनि जन्म कति लियौ ।

चौरासी लाख जन्म विताई दियौ । चिन्दथे प्रभुलाई कहाँ भुल्थे । संसार विषे घर कसरी डुल्थे ।
हे नाथ प्रभुले वहुतै डुलायो, वेहोस गराई किन घेरै भुलायौ । यस्तै तवरले वहुतै पुकारी, गर्छु तपस्या अवतंरि भारी । तवको निर्या दिन्छु तपस्या गर,लिउँला सरणमा तिमी लौ नडर। भन्ने यो सतनाम पनि केही मिल्ला, आत्माविसे तपको विधान खोलिदा ।
यो जगत्को अव आशा छोड्छु, पासा जति छन् यो चुडायोतोड्छु । आशा यी पासा सव छाडी दिएँ, खाली फगत एक शतनाम लिएँ । छोड्ने भए प्राण शरण लेऊ, रोक्टोक् मलाई नलगाई देऊ । भित्री गवड यही लिएर मन्मा, वस्नु भयो डर मानेर मन्मा । कोही दिन किनारमा कोही दिन वनमा, शिव शिव शर्णागत भन्ने मन्मा ।
फूलको यी वासन् कोही दिन लिएर,सूर्य तरफ दृष्टि वहुत दिएर। लोकका हे साक्षी तिमी हेरी लेऊ, मेरो हवाल ऋट पुऱ्याई देऊ । कोही दिन् धुपको कन वास्ना लिने, फगत उपानि मनि कहिले पिउने ।
एक पातको अङ्ग चिरेर आदि, खोचो वनाई बुध खाने रती वर्ष नमागी ।
फगत दुइटा अमला ईखाई, व्यतीत भयो कार्तिक मैनालाई । कैले गुफामा दिन वार, वस्नु निर्वाण भएर छ सुरोय कस्नु । ई वर्षदिनका दुई भाग लगाई, आफु ऋतु दुई जनाई । गर्मी चलेमा कन अग्नि ताप्नु, ठण्डा भएमा जलभित्र वस्नु ।

यती दुई कष्ट तपस्का भनेर, वित्यौ वर्ष चौधैको सक्ने गनेर ।
कृपा भो प्रभुको कन कृट् यहाँ, खुला गर्दीनुभो सवै आत्म माहा ।
दया भो प्रभुको तपस्का सकस्ले, खोलेकै छ वात्ता विचार गर्ला जस्ले ।
ढाचा चरित्र रती छैन ईन्का, दयाभो प्रभुको वितेछन् कुदीनता ।
ढाँट्नु र छल्नु ता हुँदैन भक्ति, सदा संझिलेउ यैॐ शिव शक्ति ।
प्रकट छ पालो तसलाई दिन्छु, माता भित्रहुन्छु समुच्चै रहन्छु ।
दिने लिने म छु अभिमान राख, जति उर्जा हुन्छ तिमी बोल खास ।
कपट केही मन्मा कहिल्यै नलिनु । कोही केही भनोस्ता तविपी-शान्तीरनु ।
रीस राग सेखी रती क्यै तिमीमा नराख्नु, सदा चित्त नित्य महीमाहा धर्नू तपकै उजोर्ले कन वेग पाये ।
तप्कै कृपाले ऊ ब्रह्मा उदाये, तप्कै उवल्लेगरी वेदवनाये ।
पूर्वे थियो कलपित गाथा गाए, तपकै उवल्ले कन लोक बनाए, ब्रह्माण्डये जो छ खडा गराए ।
तप्का प्रभावले देवलोक गएका, तपकै प्रभावले हो दिगपाल भएका ।
तप्का प्रभावले हो नगर बनेका, तपले गरी क्षेत्र पनि रहेका ।
तपसले यो गर्दा सवतिर्थवर्त, तपसले गरी आत्म विशेष भर्त ।
तपसले यो गर्दा सव देह बन्ने, तपसले यी गर्दा देह बाहिर हुने ।
तपसले गर्दा प्रभुलाई मिल्ने, तपस्याले गर्दा भए भ्रान्ति मिल्ने ।
तपका प्रभावले उत प्राप्ती हुन्छ, तप्का उनाम्को पनि नाम रहन्छ ।

तपका प्रतापको वलवान् जान्नु, अवधिसम्म के हो भनी नठान्नु ।
तपपूर्ण हुँदामा आकाश कराउने ।
ब्रह्माण्डे कम्पिदा लोक डराउने ।
तपको आवाज यत्रो भनेर अहिले,वयान सबै गर्न सकिन्छ कहिले,
तपको प्रताप चिन्न सकिन्न अहिले, लौ दोष दिनु पर्छ जति अहिले,
न विज्ञान शास्त्रको अभ्यास थियो, तपका प्रभावले त भित्रै उदायो ।
इच्छा हुँदामा यिनी वाणी हेर्नु, एक वार्ता सज्जन हो यही पाठ गर्नु ।
पर्ने छ आखिरी सवैले मर्नु,खिस्सा र सेखी रती कैले नगर्नु, केही वातको छेडछाड छ यो वाणी माहा, दोस्ता नदेउ है कोही हामी माहा, जुग्को प्रमाण लोकको चलन कहेको, साँच्चै हो वान्ता जति हो कहेको ।
आशाता छैन रति केही हाम्रो चलन चलोस् लोक महाँको यो राम्रो ।
इच्छाता छैन रति केही तहाँ, धर्मै चलोस् लो सव लोक माहाँ हाजिर छँदै छौ हरिनाम कहेर, सन्ताप जति हुन सबै लोकका सहेर ।
वस्छौ सदादिन सत नाम गाई, दया हओस् नाथ सव लोकलाई ।
सम्पूर्ण लोकको करुणा गरियोस्, धर्म जगतमा अवतार छिडियोस्।
आनन्दले जोति जगाई ताहा ।
प्रकाश गराएर निरासा माहा ।
नित्यै प्रभुको कन दास भएर, सव हेर्न पाउँ दृष्टि दिएर ।

यिनका यी वाणी र नियम हेर्दा, आत्मा विषे केही विचार गर्दा। भजन अति भारी विचार गर्दा, तपका प्रभावले वरदान मरी वाक्य मिल्दा, नासै जगतको भनी जानी लिनु, ऐश्वर्य लोकको सब छाडी दियौ दिनु।

लोक हो सबैले अब दोस्त न देऊ, ईश्वरसंग छन् अब सम्झी लेऊ। वर्षै व्यवीत वाइस भैगो अहिले, तपस्याको यो वलवान भनी सक्छु कैले।

आर्धार्जतिले यिनीको गरेथौं, यिनका शरणमा जति तर्यरेथ्यौं। क्या वात दया भैगो वहुत राम्रो सन्ताप रहेन अब केही हाम्रो, हरि भजनले दिन केही गैगो, उन्नाइस सय साल अठासी भैगो। मैना अषाड हो तिथी पूर्णिमामा।

वार भौम जोग कर्ण सब वन्दिदामा।

गुरूहरूले सब दृष्टि दिदा, आकाश आदि सब देवता सहायता हुँदा।

इच्छा यही भो इनी भक्ति माहा, खाने जति चीज सब छाड्न माहा।

आकाशदेखि जलविन्दू आयो, जलले यी ब्रह्माण्डये खडा बनायो। जलदेखि संपूर्ण शाखा बनायो, उही जलले संपूर्ण जगत फटायो। यै जल रहेछ सब खानु लाउनु, जलको चलन जम्मा कति बनाउनु।

यही रहेछ जलको जमेको, अनाज वस्तु जति चीज बनेको। उही चीजले प्राण पनि फाल्नुपर्ने, उही चीजको छाई छाई र छुई छुई हुने।

उही चीज फेरि फलाहार बनिने ।
उही चीजलाई कन विष बनिन्छ, उही चीजको फेरि औषधि बनिन्छ ।
यै चीजले चल्छ जगतै वाजो, यै चीजले दोष अति हुन लाग्यो ।
यसैले हसाउँछ यसैले रुवाउँछ, यसमा छ इच्छा यो आफैं खुवाउँछ ।
यसैको चलन छ सारा चलेको, यसैले योजगा छ जगत बलेको ।
आफूले आफैं उखाई रहेको, जगत सारा आहार बनेको ।
आहारको राहा भनिसक्छु कहाँ, आहारै चलेको छ यो जहाँतहाँ ।
येकै थोक लिन्छु सबै छाडी दिन्छु, यो फेदै पिएँछु यसैले जीएँछु ।
जहाँतक रहन्छु वहाँतक हुन्छु, शरीर छाडिदिन्छु मता शुद्धि हुन्छु ।
जति खाने फलफूल अनाज छाडिदिएँ, लहै नाथ दयाहोस् एकै नामलिएँ ।
हे भक्त जति छौ लहै कोही नडर, जो छ आफ्नु इच्छा तिमीहरू गर ।
खाईलाई जति भक्त सबै मुक्ति हौला, आनन्द साथले पदमा वसौला ।
फरक पर्दैन सत भक्त हौला, आनन्दसागरले सबै डुबौला ।
इच्छा हुँदामा सब दुःख छुट्ला, दया हुँदामा सब आश टुट्ला ।
यस्ता वचन अमृत सुन्न पाई, वस्युँ कोही जनमले खाईलाई ।
यी भक्तिको आधार गरी बसेको, हरिनाम माहा नित्य सुरथ कसेको ।
कोही भन्छन् घरबार पनि छाडिदिन्छु, तिम्रै पछेडा पनि लागि दिन्छु ।

शान्ति होऊ हडवड केही नगर, कल्याण हुन्छ तिमिहरूको रति भर्न डर ।

हे वावु हो शान्त सव शान्त शान्त,भित्रै वनेको छ महा एकान्त ।

चडका गरी वोल्नु पनि नहुने, भक्तै यिनी सित वोल्नु नहुने ।

शान्त स्वभावको उवचनन जाने, आफै समानको गम मात्र ठान्ने।

आज समानको यही हाल्छ यहाँ, के गर्छ दैव अव पिछे माहा ।

हेर है जगतमा अव के त हुन्छ, कि ता सबैको पछि चित्त रून्छ।

धैर्य रहुँ लौरमीत वाँच्ने हेर, लोकमा हुने भो रमिता अव वहुत हेर ।

वाँच्ने को होउ त्रिचेतमा नपर्नु, सज्जनको संगत कहिले नछोड्नु ।

आत्मा विषे हरि नाम पुकार्नु, प्रणव माहा मन्त्र वहुत पुकार्नु ।

यही मन्त्र लोकभरीमा कन वाँच्ने हौला, अर्को उपाय गरिने त कहाँ कहाँ वचौंला ।

अंसार मिल्दा यति यो लेखेको, कोही भक्तका छिद्रले हो देखेको।

घरी घरी यी वाणी फुकाई हेर्नु, कस्तो हुने छ दिनका दिन यो विचार गर्नु ।

फुट्टा होइन की यी वाणी विचार गर्नु, परोइन आफ्नामा अवश्य पर्नु ।

जोग् देखि वाणी कन निकाली जाँदा राख्ने उपात्र पनि केही नपाउँदा ।

वालक उ छोरी कन साथ माहा, सुम्पी दिनु भो यी पात्र माहाँ ।

अक्षर वाचक उनीमा थिएन, कृपा हुँदामा नलिई भएन ।

चौधै वर्ष व्यतीत भोर नभुल्दा माहाँ, इच्छा उदाइकन फुट्ट लेखियो यहाँ ।
पदको सुवार्थ त गुरू यो मिलेको छैन, आत्मा विचार गर्दा त मिल्नै परेन ।
अठ्ठासी साल महिना कन अषाढैमा, लेखि समाप्त गरियो र विवाको दिनमा ।

प्रथम भाग

ॐ श्री शक्ति सत्य शरण सारा शरण पर्दछु, भक्त वाक्य थोरै संक्षेपमा म विन्ति गर्दछु ।
गीतको जस्तो भौंकि आयो ब्रह्मा के सुनुन्, पैला दोष छ ब्राह्मण-हरूलाई हैन नभनुन्, स्त्री जातिकै भाका हुँदा गिद्का जस्ता छन्, मालुम गरी बुझन सके अर्थ असल छन् ।
भाका सुनी नभुल्नु होस् अर्थ विचार, भित्री अर्थ बुझन सके छुट्ला विकार ।
पुरोहितको बुद्धि हेर निक्र लिने जुक्ति यौटी गाईले वाह्र ठाउँमा भन्छन् ताद्यौ ताद्यौ, उनै गाईले विन्ति गरीन् यो पाप पुरोहितलाई साद्यौ ।
यौटा घरमा श्राद्ध खायो अर्को घरमा आँट्यो, ग्रह हेर्ने विन्ति गरे पुरोहितले ढाँट्यो ।
विद्या लिनु ब्राह्मण हर्ले व्यासासन्का धनी, वनियाकै काममा लागे उनै मनी पनि ।
ब्रह्म चिन्ने ब्राह्मण भनी उत्तम गराए, ब्राह्मणहरूले सत्य छाड्दा

द्यौता डराए ।
वैसे साहु अघि छँदा सस्तो गरायो, ब्राह्मण सबै वेपारी छन् भाउ हरायो ।
अघि वेपार गर्दै हिड्थ्यो वैसे साहुले, अहिले ब्राह्मण वेपारी छन् छाड्यो भाउले ।
ब्राह्मणहरूको वेपार देख्दा वैसे डरायो ।
वैसे वेपार केलाई गरोस् फाइदा हरायो ।
लो भालीले ठग्दै ल्यायो मालुं नपाउने, यति छोटा खेलमा पनि कत्रो आँट आउने ।
महादेवको वेद वाणीका कुन चाहीं पर्दा हुन्, जुग भरीको आयु दिए कसो गर्दा हुन् ।
सम्झ मनमा अमृत सरो गीता पढेको, जानी जानी ब्रह्मणहरूले के काम गरेको ।
अघी ब्राह्मण भारी पण्डित सुदाम ऋषि भए, दुःखी थिए तैपनि ती कुन वेपारमा गए ।
नीति शास्त्र विचार गरी ज्ञानका आडमा रहे, दुःखसुख भोग्ने कर्म चिनि धर्म थाम्दा भए ।
धन्ने ऋषि सुदामाजी धर्म छाडेनन, आफ्नो धर्म नछोड्नाले दुःखमा परेनन् ।
नीर्ग राजा धनि थियो महा दानी भयो, तैपनि ती सरासर खै त ? स्वर्ग गयो ।
मनको भ्रमण नघुटनाले कुन् छेपारो भए, उही अघीका भक्त काम्ले पिछे स्वर्ग गए ।

गौरी शङ्कर व्यर्थै वेच्यो विचार नगरी, सारै गोसा हुनु भयो शङ्कर श्रीहरि ।

यसै बातका कपिरौलाले घेरै पाणीरौला, अनाथहरू चिन्ति गर्छन् जान्ने कसो हौला ।

महाराजका जागीरदारलाई ठाडो दोष दिएँ, जस्तो मनमा उज्जा भयो सोही बताएँ ।

धर्म संझी विचार गरी इन्साफ गरेनन्, पैसा भए ओस्याहालाई दण्डै परेन ।

कुल ता हाम्रो ब्राह्मणै हो छैनौं कुलैमा, जात त सत्य छैन हाम्रो राखुन् चुलैमा ।

यसै बातको अर्थ नलाई घर त पावैनौ, पैसा घेरै पायौ भने वेर्ता लावैनौ ।

धर्म थाम्ने इन्साफीले यति चाल पाउनु, कुन कुन जातले जुन जुन ल्याउँछ जातमा मिलाउनु ।

बिग्रनेलाई मासी दिनु चोरलाई दिनु काटी, धर्म संझी इन्साफ गर्नु यौटै नढाँटी ।

सामरथि उत्रनेछन् धर्म जाग्नेछ, नहीताराजा मंत्री भारदारलाई ठक्कर लाग्नेछ ।

होइन मैले बोलेको ता जोग्मा चलेको, विचार गर्ने सज्जनहरू-लाई तत्व खोलेको ।

हरिजीले आँटेको काम नभै छोड्दैन, जान्न त म जान्ने होइन फेर्ता पर्दैन ।

धन्य हरि कृपालुको दया रहेछ, सूर्यबाट दूर्पिन हेर्दा वेला गएछ ।

रिसर सेखी सत्य मैले हैन गरेको, जगत भर्को दुःख मैले देख्नु परेको ।
छोडदेऊ बाबु यो पाजी काम वियाज वढाउने, भगवानमा लयो लाग्ला विन्ति चढाउने ।
अमृत सरी वाणी चले जोग्मा जो जति, धेरै दौलत छाड्न परे हौला के गति ।
गर्दै गर्दै लाँदामा र हुँदै जाँदामा, कुन कुन विर्ता पर्ने छन् है पापका फँदामा ।
भन्नु होला यस्तो भाका कसले गुनेछन्, भगवानका भक्तहरूले यस्तो सुनेछन् ।
सपनामा देख्न लागे सागर मथेको, भगवानका शक्ति विना छैन कथेको ।
भन्नुहोला यस्तो भाकी कसले गुनेछ, हेर्नुहोला थोरै दिनमा कस्तो हुनेछ ।
सपनामा देखिएथ्यो भस्म पार्ने चाला, महादेवले लिनु भयो विजुलीको भाला ।
विजुली र वज्रसँग असिना विझर्ला, त्यसैबेला जगत भरमा कोकोहोलो पर्ला ।
हावा चल्ला वृक्ष ढल्ला पानी वगाउन, सृष्टि सफा गर्नुहुन्छ धर्म जगाउन ।
भन्नुहोला यो वात त्यसलाई कसले वतायो, तपस्याको जोडले गर्दा शक्ति यो आयो ।
आज मलाई भन्नुभयो धर्म हरेको, उसैवेला सबै थोकको संजोग

परेको ।

धर्म छाड्नु क्याहो भने आफ्नो नियाँ छाडी, ब्राह्मणहरू बाँध्न लागे शुद्र जातका जोडी ।

ब्राह्मण भई सारा चीजको विक्री गरेको,मालिक भई दुःखीहरूको वृत्ति हरेको ।

अैले गर्छौं भलाद्मी हो आफ्नै खुसले, भित्री जरा हालिसक्यो लोभी घुसले ।

अन्त्य कालमा त्यै घुसले फटाइदेला धादा, वडो कष्ट मिलिजाला त्यै घुस निक्ली जाँदा ।

अैले मात्रै पचेको छ भरे पच्ने छैन, संझीराख सत्य वचन झुटो हुनेछैन ।

जति कमाऊ संपत्ति प्यारी घरैमा, दोलत थिए पर्ने भयो ज्यानका डरैमा ।

घुमाई घुमाई दुःख दिनेछन्, राक्षस जस्ता दैत्यहरूले इज्जत लिनेछन् ।

थितिदेखि वेथिति ता भएको छैन अैले, यै थिति विग्रनाले विन्ति गरें मैले ।

आसामीले पैले कर्जा तिरिसकेछ, साहु भन्ने लोभी चाहिले बाँकी भनेछ ।

दौलत थियो हुनु भयो यिनै निर्धावाटै, आसामीले कर्जा तिन्को तमसुक छ ठाडै ।

छोरो थियो बालखैमा बाबु मरेछ, लोभी साहु माग्न गयो तिर्नु परेछ ।

हेर त केटा तमसुकमा यति वडेको, अन्तर्यामी प्रभु देख्छन् धर्म छाडेको ।
लोभानि र अन्यावका अक्षर लेखेको, आफैं सत्य भगवानले रैछ देखेको ।
होइन मैले बोलेको जोग्छ चलेको. विचार पाउने ज्ञानीहरूलाई आत्मा खोलेको ।
जुन प्राणीले अन्न पचिसा लाउँला । साना ठूला पाथी खेलाउँला ।। लिनु पर्दा ठूला निनु पर्दा साना । सजी वञ्चोर त्यही हो तिमी ज्ञानले जान ।। त्यसको फलता अहिले के भनुँ मैले । सम्पूर्ण कष्ट भनि सक्छु कैले ।। भनि सक्नु छैन वडो कष्ट पाउँला । सदा रोई रोई कन दिन विताउँला ।। फेरी जन्म हुन्छ वडा दुःखी कुलमाः । हिजै धर्म नष्ट भैगो लिद दिमा धर्म ।। एकै वारको जोनि कदापी यो होइन । हरि क्रिपा विना जन्म ठर्ने छैन ।। धर्म नष्ट पारी कहाँ जानु । जन्म हुन्छ यहीं मागी मागी खानु ।। शरिर हुन्छ रोगी नराम्रो हेर्दै । सबै प्राणी हिड्लान वडा नेत्र तर्दै ।। म ज्ञान बताउँछु सबै चित्त लाई । जन्म हुन्छ यही धर्म खुब मगाई ।। जगत्को म भक्त एकै नाम लिन्छु । चलनको यो धर्म म सम्झाई दिन्छु ।। मार्छन्की भन्ने डर छैन केही । आखिर काल गतिको मिलेकै छ केही ।। प्रभुका कृपाले गरी जन्मनु पर्छ । निहुकाल गतिले देह छाड्नु पर्छ ।। गई तिर्य वस्ने र ज्ञानीहरूले । एकै सत पुकार हीतै भन्छु मैले ।। वहुतै विन्ति तिलाउँन्सद शब्द गाउन । प्रभु

छन् कृपालु धरम् खुब मगाउँछन् ।। धरम छैन लोकमा डुवेकोछ सोगमा । घर छाडी दिन्दा परेछ दुःख भोगमा ।। प्रभु सत्किाय पाल्नु खानि दयाका । माता देखिन लागे प्रत्यक्ष भएका ।। केही दोष दिन्छु सुनी लेउ अहिले । ठुढोता यो होइन माफ देउ सबैले । राजाकै अड्डा अदालत भएका । लोकको निया हेर्न राखी दिएका ।। लोभले गर्दा घर नष्ट पारी । नियां छाडी दिन्दा घुसैमा तयारी ।। बाबा दिन्ती भन्छ गरीन्छ उ भारी । नियाँ थियो उस्को लियो घुस हकारी ।। दोहोरो उदण्ड उसैलाई लगायो । थियो जित्ने मुद्दा हरायो ।। यस्ै लोभले गर्दा अन्याय परेको । मालिक हेर्ने आशा राखे उ नमरेको ।। प्रभू देखन लागे निर्धो मरेको । मालिक-हरू हो केकाम गरेको ।। कलियुगका मालिक घुसैमा छन् राजी । कलियुगको बुद्धि कति कच्चा पाजी ।। जोगी जनको चलन केही विस्तार गर्दछु । उचनीच भए माफ दिनु सरण पर्दछु ।। जुन जोगीले आफ्नो समाधी वस्ला वनैमा । आफ्ना मालीक महादेवलाई जप्ला मनैमा ।। सिद्ध त्यहींहो कैलास जान्छ नगई छाड्दैन / सबै जोगी कैलास जान्छन् मर्नु पर्दैन // वनका गौरी शङ्कर नभै जोगीलाई भएन / मनका गौरी शङ्करजीको याद रहेन // वनका गौरी शङ्कर मागी भर्न लागे झोला / मनका गौरी शङ्कर्जीलाई खुस्काई सके होला // रुद्राक्षेहुन जोगी-हलाई यौढा लाए हुन्छ / द्चौन बाबा द्चौन बाबा वर्सो नित्य भन्छ // यौटा भए पुगी जान्छ घेरै के गर्नु /

दुनियाँ कै स्वभाव लिन्छ अप्ठ्यारामा पर्नु // दुनीयाँको चलन दाना जोगी के गर्छ / ज्ञानको विचार नगरी त्यो त्यसै दगुर्छ // जोगी झोली वन्न लाग्यो भित्र पत्रैपत्र / त्यै सम्पति लुकाउन हो वन्नु किन नत्र // जोगी जनको बुद्धि त्यस्तो धर्म कहाँ जाग्नु / भगवानमा सत्ये सुर्य कुन दिन कामलाग्नु // माया त्याग्न सजिलो छ लोभ त्याग्न कोटी / लोभि चीत्त भयो भने कर्म हुन्छ खोटी // कसी जस्तो माया रहेछ रङ्ग जस्तो लोभ छ / जाहां माया वस्न गयो उहीं लोभले छोप्छ // अर्काको चिज हो भनि विचार गर्दैन / लोभि चित्त भयो भने धर्म हेर्दैन // यस्तो स्वभाव वस्यो भने दुःख पाउने छ / संसार तरी जादैन त्यो यहीं आउने छ // बाबु त्यसको मरीगो कहाँ गएछ / कुलको माया नमर्नाले छोरो भएछ // माता पनि मरिछ दोश्रा कुलमा सरीछ / दोश्रा कुलको कन्या भई जन्म लिइन्छ // मायाजीले जोनपारी घुमाई घुमाई फेरी फर्काई / उही अधीका नातिजीको प्यारी हुन पाई // यस्तै उँदो घुम्दै छन् ती यही खेल्दैछन् / मुक्ति पाको रस्ता छोडी त्यस्तै ठेल्दै छन् // मुक्ति हुने जुक्ति हेर छैन कसैमा / आफ्नो प्यारी माया जीका पन्यो वसैमा // धर्की माया त्याग्यौ भने अर्की हुनेछन् / चारैपट्टी उही माया फर्की दिनेछन् // यी माया हसाउछीन् र प्रिति वडा उद्दी / सेखिगर्ने सिद्ध जन्मको जन्म भसाउछीं // हाहा दैव कृपालु माया तेरी अति सीपालु / मायाजीको

चरित्र कतिनीकालु // मृतक हुने दिनको दुःख कहन्छु म थोडै / लेखेकै छु ग्रन्थ हेर्न जाहेर होला सबै // सबैवाट कहन झुटो होइन / सबै दुःख कहु भने सुनी सक्नु छैन // मृतक ... फिर्नेहरू भन्छन् आज मऱ्यो कर्म अनुसार तेस्लाई भने वडो दुःख पऱ्यो // चारै पाउँ कसी कसो डल्लो गराउँछ / भाईहरूले सुनुन् भनी कराउँछ // काटी हालुन् लठ्ठी लिई लार्गी हाले हान्न / नाङ्गै छ त्यो वस्त्र छैन लागी हाले वान्न // कुटी कुटी चुर्ण भैगो निक्लदैन सास / छोरो चाँही र भन्छे यहाँ गर्छु क्षेत्रवास // कुटी कुटी नीलोपारी दुतले घिस्याउँछन् / नाताहरूले सुनुन् भनि चिच्याउँछ // सुईरा माला हातमा लिई कोईले लागे घोच्न / तेई शरिरको रगत झीकी कुंमि पाकमा थप्न पापीहरूको रगत झिकी कुंड भरेको / कुहेको छ गन्ध चल्ने कीरा परेको // यमराजका दुत सबै जम्माहोई जान्छन् / कुम्मी पाकमा हाल्न तेस्लाई सवले लैजान्छन् // वहँदो छ शरीर भरी धारा रगतको दुतले हो भन्छ कमाई तेरो यही जगतको // डरलाग्दा छन् दुत सबै साँतो हर्दिछन् / विच्छीहरूलाई डस्न भनी हुकुम गर्दिछन् // काला साँपले डस्ता डस्तै तालु फोदीयो / यमराज आई फेरी तालु जोर्दीयो // सजाय लीन दियी देह मर्न नपउाने / यमराज निठूरि छ दया न आउने // लेउँ लेउँ यस्को खाता हेरू कस्तो रहेछ काम / कुन् दिन भज्यो यस चोरले खोइत हरि नाम / हेरि सक्यो वही पत्र छैन हरिनाम / जन्मे देखि

आज सम्म लोभि तेरो काम // कति थियो दौलत तेरो साचिस स्कुंदीं लाई / कति थिए सन्तान तेरा छोरा नाति भाई // कस्ले लिन्छ सरण तेरो अहिले याहाँ आई / यसो भन्दै दुत हरूले थुक्छन् त्यसै लाई // तेरो बुद्धि विग्रीयो त दोषनदे कसैलाई / छैन तेरो कल्याण गर्ने अहिले यहाँ आई // वाहिर भने जतिछ त्यो केही दैंन / भित्र भने चोर बुद्धिको सङ्गत छाड्दैन // तेस्का निम्तीलाई रोगदुर श्वर्ग तर्दैन / निर्धो होला यजमान् घेर्दान् गरोइन // लोभी होला पुरहीत र चीत्त पर्दैन/ यस्तो दोठ्याङ पर्ला जस्का पीत्री तरोइनन // पुरोहितले सन्तोषी भै दक्षिणाली लानु / यजमानका पित्रि तर्ने आशीर्वाद जो दिनु // शान्तस्व भावलिन सके धर्म पलाउला / आफ्ना सबै सङ्गादिमा वासना चलाउँला // पंडीतहरूले यो चाल पाउँनु गरूड र लाउनु / धेर कर्ममान भुल्नु प्रेतमा नभुल्नु // योवात सुन्दा पंडीतहरूको चित्त दुख्ने छ / भक्तहरूका दृष्टी पर्दा नर्क सुक्ने छ // श्रीशिवलाई वासन चल्यो ज्ञानको धुप हाल / चोर बुद्धिलाई पहिले वाहिर निकाल // ईश्वर वस्ने हृदयमा चोर बुद्धिको ढाला / दुख पाउने जिवको गति सम्झ लोभिचाला // चटक जस्तो संसारमा सपना जस्तो खेल्छ / प्राणीहरूको हृदयमा तृष्णाको भेल्छ // सम्पतीको तृसना थोरै घटाउ / भगवानका भजन पट्टी अत्ति चित्त लाऊ // बेला बखत भने सबको आयो होला वित्तै / सम्पति ता यही बस्छ जानु पर्छ रीत्तै // सबै

कुरा पग्लने हो सबै यही मिल्छ / ठूलो भाग्य सत्सङ्गतले आनन्दो पद मिल्छ // भगवानको भजन गरे बुद्धि पाईन्छ / ठूलो भाग्य सत्लङ्गतले उत्रि जाईन्छ // कल्प वृक्ष विरुवालाई घेर्छजङ्गलले ठाक्यो / यैहो भनी नचिन्दामा पत्थर हुन आँट्यो // कल्पवृक्ष विरुवालाई चिनु यसरी / यकै वटा पत्ता हुन्छ सम्झन वेसरी // गिता पद्दा ज्ञानत हुने गम्ता नपाइने / अगम चिजको मालूम नभै मुक्ति नमीलने // योगुण दिने अन्तर यामी दर्शन दिने विष्णु / शिवजीका नामवाटै छ उक्लने लिस्नु // यी गुण दिने आत्मा स्वामी दर्शन दिने शिव / यी आत्माका गुफा भित्र वसेकैछ जीव // फुलको थुङ्गो जुरीरहन्छ वास्ना रुज्दैन / अगम तत्व खोलि सकें लाकले बुझदैन // वास्नाका महीमाले मसला लाई किन्छन् / भक्तहरूको श्वभाव पनि भगवानले चिन्छन् // भगवानका नाम मध्ये बिष्णुको नाम जवर / लेखिसकें विन्ती पत्र छाडे तार खवर // आयो मेरो तार खवर नन्त्रीहरूले धर्दयौ / आफै विष्णु महादेवले यस्को निसाफ गर्‍यौ // गीतको जस्तो भाकी आयो सवाल सुनाई देऊ / के के भन्छन् कु कु जन्मले सवाल बुझिलेउ // अघि पनी रामचन्द्रले यसै भन्दथ्यो / धोविदेखि दुष्ट वच तिनले सुनेथें // धर्म स्थापना गर्न भनि अवतार लिएथे / लंका पति रावणलाई मारी दिएथे // वैकुण्ठमा जाने ईच्छा लिए मनैमा / आफ्नो लक्ष्मी सीताजीलाई त्यागे वनैमा // राम

चन्द्रका हुकुमले वनमा लानुभो / नियाँ पछि लक्ष्मीजी स्वर्ग जानु भो // अहिले पनि भूमार हर्ने चाला लिनुभो / होकी होइन शङ्कर जानुन संक्षेप दिनुभो // काला वस्त्र पोल्दै हींडने विचार मरेको हो / अधिवीर धनुर्धारी गान्डीवलिने जोहो // जान्नता म जान्ने होइन येति भने अहिले / युधिष्ठिरका वंश होलान भनीठान्छु मैले // कालो वस्त्र पोल्दै हीड्ने विचार गर को हो / कालो वस्त्र सत्ययै भन्छु सबले मालुम पाउन // गायत्रीको जप गर्नेले लाउँदै नलाउँन / गायत्रीता लक्ष्मी हुन् सेतो पैरन लिन्छीन् // कालो वस्त्र कालो गाजल तिनले त्यागी दिन्छी / होइन मैले वोलेको ता जोग्छ चलेको // वैराग लिने जनहरूमा तत्व खोलेको / अधि विष्णुजीले गायत्री दिनुभो / ब्राह्मण नष्ट भैगो आफैले लिनुभो // गायत्री जपयो साचो छैन यहाँ / गायत्रीता पौचिन विष्णुकै हजुरमा // ब्राह्मणहरूलाई जप्ता लोभ दिनुभो / गायत्री भक्ति प्रभु आफुले लिनुभो // रुद्राक्ष देखि छईविउठेको / साँचो धर्म देखिन्छ शिवले लुटेको // चारै युग मध्ये कलियुग अंधेरो / कलियुगलाई पदार्थ करेलो पदेलो // यीनै तिन युगले पाए यस्तो राहा / कलियुगलाई होला रंगिएको लाहा // यीनै तीन युगले कली लाई ढाँटे / कलियुगको वस्त्र कालो रागेपाटे // यीनै तीन युगले अमल लिए मिठो / कलियुगको अम्मल काँचोपात्को तितो // कलियुगको देह वाङ्गा टेडा कुप्रा । धर्म युगमा हुनन्

यिनै वेस रूपका ।। कलियुगमा सास्त्र कृष्णको चरीत्र । धर्म युगमा सास्त्रमाहा ज्ञान पवित्र ।। कलियुग कलियुगको स्वभाव विचार गर्छु यस्तो । धर्म युगको स्वभाव फट्टीक् ऊल्के जस्तो ।। धर्म युगको स्वभाव कहन्छु म थोडै । नारी जनले विश्वास मान है अघोरै ।। सारै सुन्दर सफेद पहिरेर सारी । हातमा लिएका अति श्वेत क्वारी ।। मधुर वचनले गरी बोलि दिने । भारी ज्ञानको स्वभाव नारीहरूले लिने ।। हीही गर्ने हास्वरहदैन जान्छ / एकै वार मुसुक्क हाँसो यहीं रहन्छ // रहन्दैन स्वभाव अधोरी अवोला / मधुर वचन स्वभाव फिर्ने होला // लक्ष्मीको स्वभाव छ धर्ममा रहेको / सबै लोकले सुन्नु अधमले कहेको // प्रभू अन्तर ज्यामी आफै जान्नु होला / जातकी छु स्त्री स्वभावकी अवोला // को होला यो लोकमा म जस्ती अभागी / तव विन्ती गर्छु म लोकैका लागी // हीतै भन्छु मैले हीतै जानी लेउँ / भक्ति अधम हुँ सुभो आशिक देऊ // यो प्राण त्याग्नलाई ता स्त्रीनैछु आटी / हीतै भन्छु मैले रतिभर नढाँटी // सूर्यजीका वरिपरो सावा रहन्छन् / लोकका साक्षी सूर्यजी हुन् साचो कहन्छन् // कसुर हेरी सजाय दिन्छन् वेसी दिदैनन् / सूर्य जीता साचो बोल्छन् घुस्त लिदैनन् // लोकता भन्छ ज्वाला मूखी विक्री गरे है / विष्णु ठाकुर घुम्नु हुन्छ सारै गोसाभै // धेरै दिनभो सम्झाउँदै छु

लोकता टेर्दैनन् / ज्वाला आफै प्रकट हुन केही वेरछैन // ज्वाला उत्री अग्नी रूपले कोई ठाउँ जलाउँला / ज्वाला उत्री जल्यो भनी कसले मालुम पाउला // धेरैदिन भोज सम्झाउँदै छु पत्यार मानेनन् / हिंका वचं दिएँ मैले लिन जानेनन् // भगवानको शक्ति मैले अंसार कहेको / कसो गरी हेर्नु मैले भष्म भएको // सांरथी सांम्रथि सांम्रथि हो हो मेरो नाम । ज्ञानका गर्भ भित्र म छु बुझ मेरो काम ।। ज्ञानका गर्भ भित्र म छु र खानु पर्दैन । यो ज्ञान बाट उत्रे पछी नखाई हुँदैन ।। यस्ता चौरास लाखौं खटाई खाए अघाईन्दैन । नखाई र नअघाई राजी हुने छैन ।। सांम्रथि सांम्रथि हो हो मेरो नाम । ज्ञानका गर्भ भित्र म छु सम्झ मेरो काम ।। ज्ञानका गर्भ भित्र म छु र बोल्नु पर्दैन । यो ज्ञान बाट उत्रेपछि नबोली हुँदैन ।। एकै शब्द बोल्न नपाई जगत् रहन्दैन । सांरथि सांरथि यी हो मेरो नाम ।। ज्ञानका गर्भ भित्र म छु बुझ मेरो काम । यो ज्ञान बाट उत्रे पछी यो खेल्नु थामिन्दैन ।। गुडु गुडु खेल्नु पर्ने जगत् पक्का छैन । होइन मैले दोलेको जोग्छ चलेको ।। इच्छा गर्ने संगत सँग शब्द खोलेको । यो संसारको रिती जो छ विन्ती चढाउँला ।। ब्रह्मा विष्णु महेश्वरको आशन डगाउँला । सत्य शिव महादेवकै ध्यान गरुँला ।। विष्णु ठाकुर न फिकाइ ता के को छाडुंला । अन्तरयामी साहेव सित यी त पददैछु ।। दुष्ट बुद्धि झुठो कर्म त्याग म गर्दछु ।

अन्तर यामी शाहेव संग यी त पड्ला ।। सक्ति चल्यै विध्येनयी नपीई के कोछोड्ला । अन्तरयामी अविनासी को हुँ भने कर्म मेट्ने हुन् ।। अन्तर यामी अविनासी देख्छु यसरी । ब्रह्मा ज्योति मस्तक भरी मर्छु कसरी ।। यो देहमा रहदैन म विहोस होइन । ठुठो रतिक-होइनन् म विचेत होइन् ।। ईश्वर उत्रे स्वर्ग सब्दमा सक्ति नलिई । हतपत गम्ता पाउनै छैनौ सेवा नदीई ।। सेवा यीका टहल्ले ज्ञानी जो गर्ला । अन्त्य कालमा सम्झनाले संसार त्यो तर्ला ।। त्यस्ता सबै खुल्नेछ रोक्का परोइन । भ्रामी सबै उड्नेछ दोक्यै रहोइन् ।। रुद्रकन्थ एक मुखीले अर्जी लगेछन् । अर्ती सुन्दै भगवानका आसन डगेछ ।। ब्रह्मा विष्णु महेश्वर ता जम्मा भएछन् । त्यहीं दिन देखि लोकको खवर गर्दा रहेन्छन् । देवताहरू विन्ती गर्छन् भूभार घेर भयो ।। उत्री देउन विष्णु ठाकुर लोकमा वेर भयो । कोही प्राणीले मखन बेच्ला कपट मिलायो ।। कोही प्राणीले मखन बेची त्यै घुप चलायो । घुपले वासना एउटै छैन कपट गनायो ।। लोकको ठुटो देवता हेर्ले किन्ती चढायो । ब्रह्माहरूले सत्य धर्म जम्मै छाड्दिए ।। जगतमा भ्रष्ट कर्म सवले गर्दा भए । त्राही त्राही पऱ्यो प्रभू ठुठा कर्मले ।। जम्मै लोकमा छाड्यो प्रभु साँचो धर्मले । यसो भन्दै देउताहरूले जोरले कराए ।। विष्णु ठाकुर गोसा भई सवलाई अह्राए ।। जोगीजनले दृढगरी शङ्कर पुकारून् । माजमिहाम पर्न लाग्यो सत्ये उतारुँन ।। सत्य

जपी ध्यान गदयौंता चारै वेदको सोळै । आफनै आत्मा गर्नु हुन्छ ब्रह्म ज्ञानको खोजी ।। सत्य जपी ध्यान गर्‍यौंत चारै वेदका सोळै । आफनै आत्मा गर्नु हुन्छ ब्रह्म ज्ञानको खोजी ।। सत्य जपी ध्यान गर्‍यौंता महादेवका खोजी । आफनै आत्मा गर्नु हुन्छ सत्य ज्ञानको खोजी ।। सत्य जपी ध्यान गर्‍यौंत हिमालयका स्वामी । आफनै आत्मा गर्नु हुन्छन् तपी ज्ञानको सोजी खोजी ।। सत्य जपी ध्यान गर्‍यौंत सूर्यजी को स्वामी । आफै आत्मा गर्नु हुन्छ प्रताप ज्ञानको खोजी ।। सत्य जपी ध्यान गर्‍यौंत चन्द्रमाका स्वामी । आफै आत्मा गर्नु हुन्छ अमृत ज्ञानको खोजी ।। सत्य जपी ध्यान गर्‍यौता समुद्रका स्वामी । आफनै आत्मा गर्नु हुन्छ सागर ज्ञानको खोजी । सक्ति देखि कृपा हुँदा मैले पाएको । आफ्ना भक्त दुःखमा पर्दा सुचं दिएको ।। सबैको मै हो एउटा बोलाहा बसेको । गुरुजीको मर्जी हुँदा छु सबमा पसेको ।। फउज मेरा घेरै छन् ~~अस्मा~~ विचमा रहन्छु । एकै छीनमा हराई दिन्छु एकला म हुन्छु ।। ब्रह्मा विष्णु महेश्वरता एकै रुप हुन् । मै मात्रता होइन भन्ने मालिक दोश्राछन् ।। विष्णु जैले गुप्त भएको चौकोटी हिसाब भएछ । ब्रह्माको साचो धर्मत उडी गएछ ।। भगवानका सच्चा भक्त राखे हुनन् काही । विष्णु स्वरले उत्रेछन् भक्त माही ।। लोकले भन्ला विष्णु स्वरलाई कुन प्रमाणले जान्नु । आफ्नो विस्वास छ ~~[illegible]~~ विष्णु उनै मान्नु ।। उनै विष्णु पुकार गर्दामा

दुःख टर्नेछ । धीरे धीरे भक्त देखि धर्म षड्ने छ ।। सानो कम्मर कलीलो वर्ण सीधा उभिए । जम्मै चौरास सीरमा राखी अलगीएका थिए ।। सामु विन्ती तिन्का गर्दै काँधमा चड्दै थिए । छैन जगत् भवन भो फगत तमासा हेर्दै थिए ।। के हो कुन्नी देख्छु यस्तो भने कसो होला । सिद्ध मुनी ज्ञानी वाणले सुने सेखी गर्ला ।। छाड्यौ सवाल पुगोस नेपाल सवले सुन्न पाउँना । महाराजलाई मालुंम हवस मन्त्रीहरूले जानुन् । पत्यारपरे आफ्ना राजमा धर्म चलाउँलान् । धर्मराज भन्न लोकमा नाउँ कमाउँलान् ।। जगत्मनी रहेछ ठूलो तलाउ जमेको । त्यैत तलाउ रहेछ जम्मै चौरासको ।। धर्म सम्झी सत्य मान सेखि नगरी । नहीता चौरास डुवाई देलान शङ्कर श्रीहरि ।। तलाउ भनी दोश्रो किसिम वन्दो भएछ । त्यहीं भित्र पत्ता पाताल मुनी रहेछ ।। उज्यालो छ सहर्स सवै राम्रो देखिन्छ । प्राणीहरू स-सानै छ देह छरिता ।। मधुरोछ सव्दो सक्की बोलि ललीता । क्रोध सेखि छैन रक्तिछैन ममता ।। सबै मैले राम्रो देखे स्त्री पुरुष नारी । जपें सव्द गर्दा रहेछ वली राजा भारी ।। छीन छरि तही बसी नेत्र गुमायें । सिद्ध रुपी तपस्वीको दर्शन फिर्पाये ।। हात जोरी पौंचीगयें सिद्धीसग नमस्कारता दुवै जंको बराबरी भो । मेरा मनले सिद्ध जीलाई सोध्ने लहइगो ।। कति सम्म वस्तु हुन्छ पाताल पुरीमा याहादेखी उठी गुरु पाल्नु हुन्छ काहा ।। सिद्ध रूपी तपस्वी हुन साच्चै वताएः भगवानकी भक्ति भनी तिनले मालुम् पाए ।।

विष्णुजो को मर्जीहुदा वसेको छु यहीं । विष्णु लोक्मा प्रकट हुदा प्रकट हुदाई दिए । सिद्ध रुपी तपस्वीका घेरै नवल्ने जाही ताही प्राणी सित तत्व नवोल्ने । सिद्ध रुपी तपस्वीका ईच्छा पाए जहा सम्म इच्छापाए खवर वताए ।। साना खालका माकुराले धागो बेरी दियो । त्यहीं धागोमा चौरास सवै ब्रुन्डीएको थियो ।। क्याहो कुन्नी देख्छु यस्तो संखा गरौला । विचार गरी चीन्ने भए संसार तरौला ।। इताछन यिनैमा लहै दिन दिनैमा । योनैको नमस्कार छ है छीन छीनैमा // योताछन् इनैमा इनैमा उदीन्छु / इनैका कृपालें वईवनीन्छु / इनैलाइ भज्छु इनैलाई जप्छु / इनैदीन्छीन् जुकतिरपो थुत्न सक्छु / "यो मास छाडी जउन पर्ला ऋाडौ: मीले पुण्ड ब्रह्म उता जान्छ पारी / कस्तै रोपीकष्ट होस असल होइ जान्छ / एकै छीनमा हाजीर ब्रह्मालोकमा हुन्छ // अन्धेरी भन्नु रति छैन काहीं देखिन्छ ऋल ऋल शिव लोक माई // अग्ला अटाली शहर ऋल्कीएका / घेरै छन् तलाउ वहुत टल्कीएका // वृक्ष छन् उज्याला छन् ऋाउ तलाउमा: अति सुन्दर सफा वयान लगाउँ म वृक्ष माथी पंक्षी सारै राम्रो वलछन् // सुनोन्छ बुझीन्छ अगम तत्व खोल्छन् त्यहीं एक छउता फटी कले चौटाको हजारलाखजो जान्छता अग्लीयेको // ब्रह्मा सीतलाई: ब्रह्म मर्जो पाई उनै ब्रह्म वेगले लान्छन् उडाई / तेसै अलगामा

चडि हेर्दा त्यही देखिन्छ / लोक जम्मा नजीक माई // उनै ब्रह्म बेग्ले खिचेर ल्याउँछन् // सम्पूर्ण लोकता नजीकमा देखाउँछन् // कोही नजाने लेउँ ब्रह्म लोकमा // सबै जना भुलेछन् यही सोग भोगमा यी ब्रह्म लोकता अगम्हो अपार मेरो नमस्कार पुगोस् वारंवार मनुष्यहरू हो सबै के भएका // गति आफ्नु आफै चीनीरहेका सबै डुलि डुलि कती सुख खोज्छ नीसीवतास गैछ केको भागे रोजछौं लुलार सुलार मुद्दा भए अवल्का के हुन्छ कुन्नी र म देख्छु उल्का // यीदाना बेचन दगुर्छन् काशी / उकासी साछी छ भरे पर्छ फाँसी / एक मुखे रूद्राक्ष उडी गएछ // महादेवमा केही अरज गरेछ / अरज कठोरको छ कहाँ रवपौला: रूद्राक्ष बेच्ने त कहाँ वेचौला // यो विन्ती गर्छु म दयाका लागी: रूद्राक्ष बेच्ने छौं सारै अभागी धर्मको ढोका विचमा छ सानु / ढोका न छीरी हुँदैन जान भक्ति सुकेका सहजैमा छीरे ठूला शरीरका अँकारी फीरे // भक्तिलिनु हा सहजैमा फडके // क्रोधी घमण्डी अभिमानी अडके भक्ति अभक्ति कम छानी लिगे // रूद्राक्ष बेच्ने लाई अनि कष्ट दिए / यी सबै वखतमा सुरज पुगेछ, वंवंसदा शिव पुकार दिएछ / नर लोकको प्राणी तिमी कयान आयेउँ कस्ले वाताग्यो र थाहा पाए उ // ईच्छा छ के मनमा सबै वताउँ मालीकता मई हुँ अवता नडराउँ // शंकर सदा शिवको यति मर्जीपाएं मइले

पनि कुट्ट पाउँ समाए शङ्कर सदा शिवको गरी दृष्टी दिउन // भस्म घसेकै छु ललाटमा चीन्न // वालुवामा छैन चिनी मीसेको त्यही टीप्न मैले मिनेत गरेको // वालुवा देखि चीनी जुटाई, पार्छु यसैको अव लौ मिठाई // माथमा सदा शिव छन् यहीं भोगल लगाउँला यस्का यसैले यो प्यास मेटाउँला // यो कलिको मुख्ये आसन सुवर्ण हो सुन्नः धीरेधीरे ज्ञानीहरू लाई नछोड्नुः यो कलिको सुन्न हुनाले चोरी हुँदैछ // लोकता भन्छ देउता उह जोरी हुँदैछ ए // मृत्यु हुने दीनमा पनि यहीं सुख बाँदैछ // स्वर्ग जाने पनि यसै फीरकाउँछः संपतिता सत्रु मान्ने सन्ताप भीराउनेः देख्न लागे हरि नाम यी मति फीराउने // घीरेघीरे यो कलिको सोभा वढाउने छन् : महाराजका पल्टन सबै सेना पार्ने छन् // जान्नता म जान्ने होइन यति भने लौ अहिले हत पत गर्नू छैन पछि बुझने छौं // यो षैसाका चलन भित्र लोभ पाप रहेछ // खाने लाउने चिज वस्तु घरत्पो भएछ // पहिले मार्ला कम्पनी लाई पिछे मार्ला मोहर मासीदेला पैसा चलन निक्ली जाला फोहर // पैसाका चलन भित्र लोभ पाप रहेको // कोही दीनमा हुने वात यो अंसार कहेको // महाराज छन् दरवारमा हेर्न आउँदैनन् // दुखी जन्मले नीया सिाफ पाउँदैनन् // जागीर दार लोभी छन् नीया हेर्दैनन् // मर्नु पर्ने शरीर हो विचार गर्दैनन् / दुखी जनहो

हात जोरी सत्य पुकार // अरू हाम्रो साहेता छैन विष्णु (पुकार) गुहार // आफै विष्णु लक्ष्मीले कल्याण गर्ने छन् // चैतन्य जिव खुलेकालाई दर्शन दिने छन् // होइन मैले बोलेको त जोग्छ चलेको // थामी नसक्नु हुँदामा सबूध खोलेकी // विग्रने लाई विग्रको छ भनि सक्नु छ कहाँ // यहीं पनि केही विन्ती गर्छु विष्णु शरणमा // हरि शङ्कर महादेवले शिक्षा दिनु भो // मेरो पनि चीत्त बुझ्यो ज्यान त लिनु भो // मेरो नाता ता शङ्कर जीमा नजर पर्न गो // सत्य खोल्नु मर्जी छैन बुझन सक्ला को // कस्तै जात्रा तमासा गरुन हेर्न जान लाई योन // भगवानको दया भए लोकमा आइनन् // भगवानको दया भए जन्म पाईन्न // छैन मेरो चीत्त यहाँ लग्यो हरेर आफै विष्णु दर्शन दिन्छन् विचमा ठरेर / एकान्तमा बसेको छु विन्ती गरेर //

दोश्रो भाग

गोर्खा राजसै तपस गर्दछु सत्य शिवकै ध्यानल गर्दछु विष्णु थाकुरकै पाउमा पर्दछु सच्चा धर्मकै खोजी गर्दछु // मनका मालिक लाई पेचपो पर्छकी // तम गुण पाल्ना हुन त्यो अघी सर्छकी // सेखि देखि बहुत डर्दछु हरिका आदमा छु वात गर्दछु रिसका पेचमा पत्र पर्दैन यो देह मर्लाकी सक्ति मर्दैन सुनेर बुझनु होस् भित्री ज्ञानले // मस्त छौ की यी झुट्टा मानले विन्ती गर्छु नाथ सनकार मान्नु होस् अबत धर्मकै निति बांध्नु

होस् लोभी लुभ्ध चाल सकल टुट्ने छ // उलूका लोकमा ज्यादी चलने छ लोभि चालले दुख पाउने छ अवता धर्मकै जुगयो आउने छ दुख बुद्धिको सेखी गिर्नेछ // अवता धर्मकै जुगयो फीर्नेछ // सुनन सत्य नाथ विन्ती लिनुहोस् अवत धर्मकै भाग दिनुहोस् सकल घर घरै ज्ञान छिटनुहोस् // अवत धर्मकै ढोल पीटनुहोस् // लोकता लोभी भो धर्म छैनगो // तुमी विना प्रभु धर्म सर्नेको / ठुठा वातले अति चार भयो सकल दुःखि छौं भूभार घेर भयो // सत्य शकूती नाथ सकल जान्दछौं // तुमीनै भक्तको विन्ती मान्दछौं आफ्ना लोकको हालपो हेर्नु होस् विन्ती गर्छु नाथ श्रृष्टि फेर्नु होस् / सकल प्राणिले धर्म छोडदिए साँचो फीर्दोहो कृपा गर्दिए / साँचो छोदिन्दा धर्म गै गयो तिर्थ वर्त सव वेर्थ भै गयो ठुठा वातमा सव अघी सर्दछन् पछीत दुष्टले वीजत गर्दछन् // साँचो छोदिए ठुठो वोल्दछ पछि दुष्टले हुर्म्मत खोल्दछ // अधम भक्ति हुन र विन्ती लेख्दछु तिम्रा लोकको हाल देख्दछु विन्ती गर्छु नाथ ही विन्ती छ यै // तिम्रा लोकमा यिती छैन क्यै // सत्य नाथकै पस्छु घाममा अहिले पोर त्यस्ता काममा // विषय सुखका छोटा मानले मग्न छु मता तम्रा ज्ञानले // आफ्ना लोकको रक्षा गर्नुहोस् धनको भाग सवै दैव हेर्नुहोस् // धनको भाग्यमा दुष्ट लाग्दा हुन ज्ञानको भाग्ये भए सत्रु भाग्दा हुन // धनका भाग्येले लादोहो ज्ञानको भाग्ये भए मगन पर्दो हो धरका भाग्येले प्रेतमा सर्दो

हो / ज्ञानको भाग्य भए शिव लोक सर्दो हो // सुनन सत्य नाथ विन्ती लिनु होस् / अवत ज्ञानको भाग्य दिनु होस् / हरिका तीर्थ हुन महीमा गर्नलाई जान लागे सव वही मर्न लाई // अगीर नीर्दोको सम्पती हेर क्षेत्रमा वसेर खर्च त्यै गरे घटी काम्न भै दउलथ जान्दैन // होइन भन्दा कोही पर्दैन // सम्पती हुने तीर्थमा छ फल // दुःखी गर्दछन् आत्मा चिन्ने वल / हरि त नृत्य छन् हृदयमा सदै // के मुक्ति छैन की तीर्थमा नगै // अधम भक्त हुँ र विन्ती लेख्दछु // मुक्ति दिनेता सव ठाउँ देख्दछु काशी क्षेत्र गै वस्तछु वहाँ कसले देख्छरे कृष्ण चन्द्र लाई महिमाले गरी वस्छ क्षेत्रमा हरि त उत्री गए हामी नयाँमा देख्दछु हरि सकल लोक भरी कहाँ जानु भो भ्रामी मन गरी जान लागे सव कासी मन लाई ईच्छा गर्दछन् देह फेर्न लाई वाहीर विद्या हुन् लोभमा पर्दीने भित्री विद्याको ज्ञानको सार्दीने आफ्ना चित्तमा पसेर हेर्नुहोस् // हरिको सत्य ध्यान वसेर गर्नुहोस् // अर्को दोश्रो काम साँचो होइन क्यै // आत्माको विचार छु म यै // आत्ममा पसी परेलो लाउने को // अमालीका काम लिदा गर्न लौने जो // अमाली काम लिदा काम ता विग्री गो // कासी राजले प्याला छोडी दियो // चित्तमा पसि खान लगी गो // डर देखाउँदै खाई लान लागी गो // माया त मर्दैन आफ्नी प्यारीको // अचम भक्ति हुर पो वोल्दीया यति // सकल जान्दछौ विन्ती लाउँ कति // होइन मैले वोलेको त जोग्छ चलेको // दुःख मान्ने भक्त जन लाई सन्क्षेप कहेको // चौरास भित्र डुल्छन् सबै चौरास

वाहिरको / चौरास वाहिर डुल्न जाने ब्रह्म लोकमा गो // चौरास भित्र हेरछन् सबै चौरास बाहिरको । चौरास वाहिर हेर्न जान्ने ब्रह्म जोति भो चौरास भित्र खान्छन् सबै चौरास वाहिरको आयु वाहिर सम्झी राख एकै सुन्ना हो । उही हो सुन्ना उही हो नासी नीरासामा नृत्य वास गर्ने ।। अविनासी कोहोन भने कर्म नास्ने हुन् ।। अविनासी जाही ताही वस्तै वस्तैनन् ।। नीरासा नभै कर्म नास्तै नास्तैनन् ।। सारा कर्म तोडेर यस्मा चित्त लाउँ । हीत्का वचन सुनाई दिन्छु । सवले मालम पाउन ।। अर्जीङ्गर विन्ती गर आसा छोडेर सत्ये भक्त भए जाउला रस्ता लिएर छाप इन्काजहा लाग्यो जहा लाग्यो चिनु । हुर्के भैगो त्यसलाई खुलाई दिनु मस्तकवाट निस्केको जीव प्राप्ती हुन्छ वाही ।। छैन त्यसको देह यहां रहन्दैन काही ।। विष्णु देखि थोडै महादेवको रूप ।। मायामा मुकुट नागको माला ठूलो छ सिर छ खुब ।। कोही भन्ला हो हो यो वात कहिले होइन दुवै रकम नवोली र यहां हुने छैन ।। को ही ले भन्ना होहो यो वात । होइन भन्ला जसले । समझीराख केही दुःख भोग्नु पर्ला त्यसले ।। होइन मैले वोलेको जोग्छ चलेको ।। इच्छा गर्ने सज्जनहरू लाई तत्तो खोलेको पुर्खा मेरा सुन्ना मवां पृथ्वि मेरि माता ।। यी पृथ्वि भित्र जम्मा जवि समु वन्दिका नाता ।। जो ती मेरा आत्मा गुरू सागर मेरा साखा ।। आकाश मुनि पृथ्वी माथि वास हो मेरा साखा गुरू मेरा अन्तर ज्यामी विन्ती के लाउँ । यै सुन्ना खला भित्र चेत भै वस्न पाउँ ।। डुवी डुवी

अस्नान गर्छ सन्ताप हरहर // शिवजीको ध्यानमा धर्छू नित्य खराखर हरि हरि हरि ॐ सत्य ॐ हरि आखिर तनमन सुम्पेको छु हरिलाई नगरी // हरि मेरा मन भरी बनाउ साफ गरी हरि हरि हरि ॐ सत्य हरि // हरि हरि मन भरी तम्रो नगरी // वस हरि साफ गरी तम्रो मनपरी // सम्झना समचारी भै छुट्टै चीज गैगो // सुरथ माथि सवार गरी याद आउनु भैगो // पस्नु भयो हृदयमा याद मेरा आई गुण दिन लाग्नु भयो हैसाचा मलाई हृदयमा सूर्य प्रकट लागे झलमल । चन्द्रमा उदाउनु भो यति हृदयमा वल्ल // गुरू मेरा प्रकट घटमा प्रकट समजन विचारी // जाला मेरो चीज केही लेऊ लेऊ लछारी / वसो चीन्न थिर सित सत्य बढ्दै जावोस् मेरा शङ्करजीमा सुरथ // गुरू मेरा अन्तर ज्यामी सत्य ताप पठाई देऊ प्राण मेरो वहर्दो छ वारंवार // यही प्राणको मूल अड्डा नाभी हात्तीसार // नाभी देखि वढेर प्राण भस्म सम्म भैगो मस्तिष्क देखि फिरेर उदो नाभी सम्म भो नसारमा सो जागेका छन् प्राण प्रकाश ले / अगम तत्व छिठी योनी लोकमा बुजेन कसैले //

धर्मका राजा उत्रन लागे लोकको अवत वेर छैन कलीको मन चञ्चल भो लोक हो आयु त घेर छैन / भक्तिको दर्शन हरि नाम विना लोक हो मुक्तीत हुँदैन // शिव हरि सत्य मनमा लिए लोक हो दुःखले छुदैन / आखिर जन्म भै गयो नरमा लोक हो नमरी हुँदैन // विष्णु ठाकुर शिव हरि पुकार आखिर जन्म भै गयो नरमा लोक हो गलत नपार / जन्मन्छ र नास्यो यो कर्म यो खोटी लोक हो लौ अवतान भुले / अनित्य खोलमा

मानोका जालमा लोक हो वेयानडुल औसरले गर्दा पालोले पर्दा लोक हो मनुष्य जन्म भो ईश्वरको वरको भजन गरेनौ भने लोक हो पो जन्म वेर्थै गो गरेनौ भने लोक हो यो जन्म वेर्थै गो देशी भाषा तीर्थ जाने तीर्थ नुहाउने / मनको भ्रमण नै छुटी आवे // दयावि विनासे कउन सुख पावे / विना ज्ञानसे भेद नही पावे कैसे जन्म छुटावे // आशानै हीमारत जगमे घुमी आवे। आँखा-मा रही जो सो भक्त हमारा सतगुण रसले चिन // ब्रह्म, विष्णु, तमयो हुँ आए दर्शन दिन // भेटी पुस्तक कछु नही चाहिए आशिर्वाद लिन आइए / अन्य कालमे परला परला विपत्ति रोहुला है मन पछु ताई / हरि हरि चरणको मङ्गल गाई भक्ति दिए ज्ञान वताई // अन्त्य कालमा पर्ला विपत्ति रोला है मन पछुताई // शिव शिव हरि हरि नीसीदिन भजन नही रासत सकेही अन्त्यकालमा पर्ला विपत्ती रोलाहै मन पछुताई // माथमें मोकुट मोति हीरारतसे सिर छोपावे कानमा कुन्डल कङ्कण लावे जगमग जगमग जोत जगावे हुँ हुँ शिव शिव शम्भु आवे भक्तले दर्शन पावे // नाल मृदङ्ग वेणुवजावे // चौसठ्ठी जोगीनी मङ्गल गावे / लक्ष्मी आफैं चमर डोलावे महादेव मे सव मिली मिली ध्यान लगावे // भै महादेवको भक्ति संग मिली जावे / फेरि जगमे कछु नही आवे // जन्म जन्मका दुःख निभाए मेरा ऊपर नाथ दयालु हुनुभो आफै प्रभुदेखि यो लोकलाई पनि दर्शनै दिनुहोस् सव ज्ञानका भेसी है दर्शन वख्नुभो हजुरले / यसको कहाँतक भनु / आसर्ये पनि मान्छु येस्व खतमा तस्तो हुनु कमै मात्र गरेर दुःख इनको छुट्ला

कसरी यहाँ दर्शन वक्नुहोस् सत्य रूपले भक्ता दीका दिमा विन्ती गर्छु शरण पर्छु भगवान सत्य सक्ति का हौ पुरा / हे ज्ञान का चतुरा प्रकास हुनुहोस् मेरा यीनै हुन् कुरा // मेरा जन्म वहुत वितेछ नरमा घेर कर्मको भोग गरे / मेरा दोस सवमाफ गरीदिनु हवोस् यसमा सरणमा परे // भक्ति हुँ की अभक्त हुँ ती सव बुझनु हजुरले पन्यो // मेरा असय छैन केही अवता सेखि ममताहरू // गर्नु के पन्यो भने पनि प्रभु एतन गरुला वरु // गर्दैछु कहीं तपस्य जति सबै दया भए पाउमा / यहाँ देखि सिवाय दोश्रो अरूक्यै लाग्दैन लागोस् मती // मेरा विन्ती सुनी प्रकट हुनु हवस् साँचै भनि लौ भनि // सृष्टि उत्तर पछाडी नभैकन भयो पुर्वका कल्पनाले सत्का चित्त वाच्य वाचक अडाम सहुँदा ब्रह्म सक्ति हुनाले // कुनहो सत विचारुन वुधजनहरू गोचराचरैको कयाचीज जो सम्वन्धी तिन गुणा रहीतै सुद्ध चिन्तयक रहेको // हुदामा जो भएको नभएकै एक छिन देखि भिन्न जो होस् सोही होला अहम विच हुदा साथी भूत आफु भिन्न / वेदका वाणी विचारुन परम जनहरू भेद कुन वेदको हो कस्ले के भन्न सक्ला अगम पदविको रूप अरूप सत्यको हो // व्यापक अव्यक्त हुँदा समरस सुखरूप शान्ती निवार्ण जो हो // यस्ता जो नाथका नयसहमगिपुरीमा श्वासनीश्वास जो हो // सोही हो सत्य साँचो अद्यटन घटना सच्चीदा नन्दको हो / जानुन् सवले विचरी अगुणमयसो रूपसुन्दा चैतन्ये जो हो कस्मा के गर्छ कस्ले गरीकन गरिने कुन्कुराके कहुन्हो / सङ्कल्पै छैन जस्मा कसरी हुन गयो यो लठारो फजुल हो // म

सत्ये यी सङ्कल्प ईश्वर भनिकन सृतिको जो हुकुम सत्य साँचो // सङ्कल्पै सत्यहो अज पनी नपरे भै गर्दा कत्रो खाँचो / अन्तरज्यामी विनासरूपका के गरुन तमरा वयान शङ्कर देखि कृपा भयो र अहींले मेरा सुफल भोनयन // यी गुण मिलेका तपस्का सकस्ले // या गुण पाउँन सक्छ सहजमा कस्ले // भगवान लाई इच्छा यो छ को भक्त लाई नचाउने यीवाणी घेर उत्रे लान हुची मचाउने सम्झाइ दिन्छु सवले सुन्नु दुःख पर्दा खाने करकलो र निगुरो र सीस्नुहरूको भन्दा दुःखीले खानु सुत्नु आनन्दीका गुन्ठा // माहाजनका सम्पतिले चीत्त पोल्दै ल्याउँछ / मनमा सन्तोष नहुनाले गुन्टै विजाउँछ / सन्तोष दीने ईश्वर छन् भित्र हेर्नु होस् // वाहिर सन्तोख न खोजनु होस् विचार गर्नु होस् वाहीर सन्तख क्षिणै महा नास हुनेछ / भित्र सन्तोष लिन जाने कामता दिनेछ सम्झी सम्झी यी नै वाणी हेर्ने गराउनोस् // यी नै वाणीको भेद पाए छुट्ला सवको दोष // मर्म नगरी हेर्नु होला दुःख नमानि // गर्नेछन् यी वाणीले कोहीमा केहीं हानी // कोलाहाल शब्द चल्ला जम्मै उढाउँला // आतसभई विचार नपाई त्यसै कराउँला // यी नै वाणी विचार गर्ने घर्जे हुनेछैन // हा हा नाथ शक्ति सत्य सरण हाम्रो लेऊ // निम्दा विर्सीन हुनेको आत्म डराई / आफ्नो सत्य भजन पनि त्यसले छोड्दैन् // भगवानको शुचन हुँदा भक्त हरूमा केही // मालुम हुँदा विन्तीपत्र लेखेको छौ यही // वेसी कमती जो भएको माफी गरि दिनु // जम्माई यै धर्म तिर चित्त धरदिनु //

अवतारी भाषा

लङगुर पारी लामा गाउँ / ज्ञान ज्ञानैको इष्ट लाउँ / ब्रजको मंत्र झिकाउँला / उडी जाने मंत्र सिकाउँला / पत्थर वृक्ष जङ्गल जार भस्मै हुन्छन् भस्मै खार / यो विलनेलाई विलाउँला // सव सागरमा मीलाउ / लामो छोटो जुक्तिले / दृष्टि त दियो मुक्तिले / कैलासको ढोका खुलियो / दुनियाँ त क्पामा भुलियो / यी धनका रजंका हुल्मुलमा / हामी त लैजाऔ यी हुल्मुलमा / माया र पाएको लहरो / रास्तालाई पारो पहरो // चन्द्रमा र सूर्य अग्नि जल / आशा त उन्नो सुन्ने दल // शक्ति ज्ञान छोडीदे गाल्नलाई // पृथ्वीले दुःख पाइन पाल्नलाई // शक्ति ज्ञान छोड्ने गाल्ने पृथ्वीले दुःखीलाई को पाल्ने / पिता पुरुखा हाम्रो मरीगो टुहुराको वयान भरिभो / टुहुरा मध्ये को मैलाटो // मुक्ति पद पाउने क्या बाठो // मुक्ति पदको रस्ता जम्दैन // सृष्टि गुरु तपगर भन्दैन / सत गुरु महादेव महादेव // मै ठान्ने सरण लिउँ // पारस मणि जस्तो ज्ञान मेरो // गोब्रच्याउ जस्तो धन तेरो // तै खर्चवर्चगर्न लोभ भर्गछ / कसरी तेरो पपमर्छ / लोभी पाप चुठी चढाइदे // यही शिव ओम महा होम / शिव शिव शिव यै शिव / कीत त्यो शिव भित्रको मै जीव ।। कृष्ण कृष्ण कृष्ण ।। सोर सय राखेको मै कृष्ण ।। राम राम राम रामै । रामायणको धुम धामै ।। राम राम राम श्रीराम आत्मै भित्रको वस्यो विष्णुको धाम ।। चारै कलम पढ्ने भो । कुरा त

सवको एउटै हो ।। भाकीर भाषा धुमाउँछ । त्यो पाजी व्यर्थै रमाउँछ ।। अट्ठार पुराण नब्य व्याकरण । यी सचेत जीवको सव चाकर ।। वाहुनको छोरो वेद पढ्छ । मै थाङ्नेलाई भेद पर्छ ।। पर्वतेकी छोरी वालकी ।। यी सृष्टि माया जाल की ।। अहीलेता भयो सत्खालकी ।। मेरै ज्ञान भित्रको देख पालकी ।। तेरा काखको मैनानी ।। मेरा आखाँको तै नानी दोश्रोत अर्को हेर्ननी । सव सागर मै पानी । दोश्रो अर्को होइन्नी । एक कान तिम्रो सुन्ने ध्यान् ।। मागी राख है वावु लामा ज्ञान चैलामा ज्ञानको विचार गर । वाहिर ता नहेर भीत्री हेर मुलुकका दासी रमायो । राजाले धर्म कमायो । धन्ने हो राजा तै सरकार ।। सलाम छरे वारंवार । राजाले धर्म गरी दियो ।। पैसा धेरै छर्दीयो ।। सवार्य योग वाणी भनेर जान्नु वेदान्तको भेद पनि केही ठान्नु । मिल्दैन सामान नयाँ ग्रन्थ महा मिलनेछ पीछे सव सास्त्रमाहा ।। कैले कहीले गीत ज्ञान भनेर ठान्नु ।। एक एक पदले गरी अर्थ वन्ला । आउन लाग्यो धर्म गुण नाउँ यसैको चल्ला ।। जो वन्नु पर्छ महीमा यसैको वताओस् । लोकले पनि अवता ऋट्ट पैसमा ओस् ।। सर्वाय वाणी योग वाणी छ नाम यसको । लेखि समाप्त आज भै गो ।।

झङ्क प्रसाद सवण

सम्वत १९९० सालको माघ १ गतेको भूकम्पको समय मा ४ नं. भोजपुरबाट १७ कोस उत्तरतिर अरुण, वरुण सङ्गम भएको इन्द्रावती मिलनगई त्रिवेणी घाट बीचमा तपस्यारत रहनु भएका शक्तिमाई योगमाया को दर्शन गर्न १८ वर्ष को उमेरमा प्रस्थान गरें। रमणीय सो स्थानमा रहनु भएका माईहरूको कथन ८ वर्षकी कुमारीबाट आज्ञा भएको तपस्विनीको वाणी ल्याएको सो पवित्र ग्रन्थलाई पुस्तकको रूपमा दिन पाउँदा साह्रै विह्वल भएको छु।

भगवानका भक्त जो गीत गाउनमा पनि इच्छुक हुनुहुन्छ यस पवित्र पुस्तकको आधारमा भजन गरिदिनु भएमा र अध्ययन गरी प्रतिक्रिया समेत दिने कष्ट गर्नु भएमा आफ्नो प्रयास सफल भएको मान्नेछु। १९९८ सालमा शक्ति माताका संकल्प अनुसार ६४ जना अरुण वरुणमा पूर्व दिशा तर्फ फर्किएर हरि ॐ तत्सत् भन्दै नदीमै देह त्याग गरी रह लीला समाप्त गरेका थिए।

५४ वर्ष अघिको यस ग्रन्थलाई आजको नाम्को रूपमा सामु ल्याउने अवकाश पाएकोले यो सम्पूर्ण धर्मावलम्बीलाई अवगत गराउँदै विनीन हुन लागेको धर्मलाई केही हदसम्म यस ग्रन्थले सघाउ पुऱ्याउने छ भन्ने मैले पूर्ण आशा लिएको छु।

श्री रुद्रप्रसाद उपाध्याय (गोपालप्रसाद)

अज्ञात वानेश्वर, काठमाडौं